# नगरपालिका-निर्वाचनको नियम

१. नगरपालिकाले साधारण निर्वाचन हुने २ महिनाअगावै निर्वाचनको निमित्त एक निर्वाचन अफिसर नियुक्त गर्नु ।

२. (क) निर्वाचन अफिसरले निर्वाचन हुने १ महिनाअगावै जुन जुन वडामा निर्वाचन हुने हो, सोसो वडामा मताधिकारीहरूको छुट्टाछुट्टै फिरिस्त तैयार गर्नु ।

(ख) फिरिस्तमा मताधिकारीहरूको नाम, थर, वतन, बाबु बाजेको नाम लेख्नु ।

३. कुनै मताधिकारीको नाम कुनै वडाको फिरिस्तमा दोहरिन वा अर्को वडाको फिरिस्तमा समेत पर्न हुँदैन ।

४. मताधिकारीको नामनमेसीको फिरिस्त १० दिनसम्म सर्वसाधारणले देख्न पाउने गरी जुन जुन वडाको फिरिस्त हो, सोही-सोही वडामा नगरपालिकाले तोकिदिएको ठाउँ ठाउँमा राखिदिनु ।

५. (क) मताधिकारीहरूको नामनमेसीको फिरिस्तको नक्कल कसैले लिन चाहेमा मनासीब मोलमा बिक्री गर्न या सार्न चाहेमा नगरपालिकाले केही दस्तुर लिई सार्न दिन पनि हुन्छ ।

(ख) बिक्री गरेमा या नक्कल सार्न दिएमा लिएको रकम नगरपालिकाको आमदानी बाँध्नु ।

६. दफा ४ मा लेखिएको फिरिस्त जारी भएको १० दिनभित्रमा कुनै नागरिकले निर्वाचन अफिसरछेउ देहायमा लेखिएका उजुर गर्न हुन्छ ।

(क) नगरपालिकाको ऐनअनुसार मत दिन पाउने कसैले आफ्नु नाम आफ्नु वडाको मताधिकारीको नामनमेसीको फिरिस्तमा छुट्यो भनी आफैंले वा आफ्नु वारिसद्वारा लिखित दिएको उजुर ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) नगरपालिकाको ऐनअनुसार मत दिन नपाउने कसैको नाम कुनै वडाको फिरिस्तमा देखिएको भनी गरेको उजुर ।

७. दफा ६ बमोजिमको उजुर परेमा निर्वाचन अफिसरले सो दफामा लेखिएको म्याद सकिएपछि ३ दिनसम्म यस्ता उजुरको नक्कल सर्वसाधारणले हेर्न पाउने गरी नगरपालिका र जुन जुन वडाको फिरिस्तबारेपरेको हो, सो वडा वा नगरपालिकाले तोकेको ठाउँमा राखिदिनु ।

८. दफा ७ बमोजिम कारवाई गरी सकेपछि त्यसको ७ दिनभित्रमा निर्वाचन अफिसरले जाँच बुझ गरी मताधिकारीहरुको फिरिस्तमा अदल बदल गर्नुपर्ने ठहराए चाहिँदो अदल बदल गर्नु र सो फिरिस्त सर्वसाधारणले हेर्न पाउने गरेर जुन जुन ठाउँमा माथि दफा दफामुताबिक राख्नुपर्ने हो, रखाउनु ।

(९) (क) उजुर परेर नगरपालिकाले सच्याएकोमा सो उजुर नपरे वा नसच्याएमा दफा ४ बमोजिम प्रकाशित भएको फिरिस्त त्यो निर्वाचनको निमित्त अन्तिम ठहर्छ । अन्तिम फिरिस्त निर्वाचनको कमसेकम १० दिनअघि तैयार भै प्रकाश हुनुपर्छ ।

(ख) मताधिकारीहरुको अन्तिम फिरिस्त निर्वाचनको १० दिनअघि नै नगरपालिकाको अड्डामा र निर्वाचन हुने वडाको तोकिएको ठाउँमा समेत राख्नुपर्दछ ।

१०. दफा ६ बमोजिमको उजुर सदर तालुकअड्डामा पर्न आएमा वा सो फिरिस्तमा अधिकारवालाको नाम छुटेका वा अनधिकारको नाम परेका सो अड्डालाई शङ्का लागेमा सो फिरिस्त जाँची चाहिँदो अदल बदलसमेत गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११ निर्वाचन नहुँदै हुने मताधिकार मरेमा वा नगरपालिका ऐनको दफा ७ बमोजिमको बन्देजभित्र परी निजको मत दिने अधिकार फिकिएमा मताधिकारीहरूको अन्तिम फिरिस्तबाट निर्वाचनको अगाडि नै निजको नाम काटिदिनु ।

१२. निर्वाचनको मिति, समय र ठाउँ नगरपालिकाले प्रस्तावद्वारा निर्णय गर्नु र सर्वसाधारणलाई थाहा दिनाको लागि अखबार पत्रपत्रिका पनि निकालिदिनु ।

१३. निर्वाचन अफिसरले निर्वाचनको १० दिनअघि नै यो वडामा उम्मेदवार सदस्यले ३ दिनभित्रमा निर्वाचन अफिसरकहाँ दरखास्त हाल्नू भनी सार्वजनिक सूचना निकाल्नु ।

१४. निर्वाचन अफिसरले मताधिकारीहरूको फिरिस्तमा नाम चढेका नगरपालिका ऐनमुताबिक सदस्य भै चुनिन खोज्ने नागरिकको मात्र दरखास्त लिनु ।

१५. माथि दफा १४ को दरखास्त देहायका कुरा र सोही रीतबमोजिम दिनुपर्छ ।

(क) दरखास्त आफैंले वा आफ्नु वारीसद्वारा दिनुपर्छ ।

(ख) दरखास्तमा कमसेकम सो वडाको १५ मताधिकारीहरूको सहिछाप परेको हुनुपर्छ ।

(ग) दरखास्तको साथ रु. ५० धरौट पनि राख्नुपर्दछ ।

(घ) कुनै वडाबाट सदस्य हुन चाहने हो, खुलाई लेख्नुपर्दछ ।

(ङ) आफ्नो नाम कुन वडाको नागरिकतामा दर्ता भएको छ, सो र सदस्य हुन चाहनाको कारणसमेत लेख्नुपर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. कुनै उमेदवार सदस्यले आफ्नु वडाको निर्वाचनमा जम्मा मतको ८ सयडको १ हिस्सा मत पाउन नसके दफा १५ (ग) बमोजिम निजले राखेको धरौट जफत गरी नगरपालिकाको आमदानी बाँध्नु ।

१७. दफा १२ अनुसार दरखास्त लिने म्याद सकिएपछि निर्वाचन अफिसरले दरखास्तवाला वा निज वारिसलाई दिन र समय तोकी आफ्नु आफिसमा बोलाउनु र उनीहरूको अगाडि दरखास्तमा दफा १५ र ऐन सवालअनुसार सबै रीत पुगेको छ छैन ? जुन वडा-बाट खडा हुन खोजेको हो, सो वडामा त्यसको नाम छ छैन ? सबै कुरा जाँच बुझ गरी उमेदवार सदस्य हुन केही बाधा नदेखिए सो हुने निर्वाचनमा खडा हुन इजाजत दिनू । नहुने हो भने कारण खोलाई इजाजत नपाउने भनी लेखेर दिनू र यस्ता दरखास्तवालालाई रु. १ देखि रु. १० सम्म जरिवाना गर्नू ।

१८. हरेक वडाका उमेदवार सदस्य हुन इजाजत पाएका मानिसहरूको नाम फिरिस्त बनाई सर्वसाधारणले हेर्न पाउने गरी नगरपालिकाको अड्डामा राखिदिनू र सार्वजनिक सूचना पनि गरिदिनु । अखबार वा कुनै पत्र-पत्रिकामा पनि प्रकाश गरे हुन्छ ।

१९. देहायको कारण परेमा दफा १५ (ग) मुताबिक रहेको धरौट रु ५० निज वा निजको वारीसलाई फिर्ता दिनु ।

(क) निर्वाचनमा खडा हुन इजाजत पाएपछि कुनै उमेदवार सदस्य निर्वाचनअगाडि नै देहान्त भएमा (ख) दफा (१७) बमोजिम उमेदवार सदस्य हुन इजाजत नपाएकाहरूको ।

२०. (क) कुनै वडामा १ मात्र उमेदवार सदस्य खडा भएमा सो वडामा निर्वाचन गर्न पर्दैन । निजलाई नै नगरपालिकाको सदस्य ठहराउनु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कुनै वडामा १ मात्र उमेदवार सदस्य खडा भएको रहेछ र चुनाव हुनुभन्दा अगावै निजको देहान्त भएमा दफा १३ अनुसार फेरि सूचना निकाल्नू र त्यस वडाको निर्वाचनको समय पनि दफा (२) बमोजिम थामिदिनु

२१. निर्वाचन अफिसरले गरेको फैसलाउपर र निर्वाचनसम्बन्धी विषयमा उजुर दिनुपरेमा चित्त नबुझनेले ३ दिनभित्र सरकारले मनोनीत गरी गठन भएको ट्रिबुनलमा उजुर गर्ने गर्नू र ट्रिबुनलको फैसला अन्तिम हुनेछ।

२२. (क) दफा (१७) अनुसार निर्वाचनमा खडा हुन इजाजत पाएपछि कसैलाई निर्वाचनमा हुन अनुकूल नपरेमा दरखास्त फिर्ता दिनू र निजले धरौट राखेको रु. ५० पनि फिर्ता गरिदिनु।

२३. निर्वाचनको नतिजा प्रकाश भएपछि माथि दफा-दफामुताबिक जफत गर्नुपर्ने धरौटबाहेक अरु फिर्ता गर्नुपर्ने धरौट दरखास्तवाला वा निजको हकदारलाई सकेसम्म चाँडो फिर्ता गर्नु।

२४. दफा १३ अनुसार सूचना गरेको म्यादभित्रमा कसैको दरखास्त आएन भने फेरि एकपटक ३ दिन म्याद थपिदिन र सूचना पनि निकाल्नु। दोस्रोपटक पनि म्यादभित्र दरखास्त पर्नआएन भने सदर तालुक अड्डामा जाहेर गर्नू र त्यही नगरपालिकाको कुनै नागरिक सो अड्डाबाट यसको खाली ठाउँमा मुकर्रर हुनेछ।

२५. निर्वाचन गर्ने प्रत्येक वडामा निर्वाचनको कामलाई नगरपालिकामार्फत एक निरीक्षक र अरु मद्दतलाई चाहिने कर्मचारीहरू खटाउनु त्यसनिर्वाचनमा मत लिनेसम्बन्धी प्रबन्ध निजहरूबाट गराउनु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. दफा (२५) बमोजिम खटिएका कर्मचारीहरूलाई आफ्नु खटिएको वडाको मताधिकारीहरूको फिरिस्त मताधिकारीहरूले आफ्नो मत प्रकट गर्ने टिकट सो खसाल्ने बाकसहरू अरू आवश्यक कुराहरू दिनु।

२७. मत दिने टिकटमा नगरपालिकाको निस्सा र वडाको नम्बर लागेको हुनुपर्छ।

२८. प्रत्येक वडामा जति उम्मेदवार सदस्य निर्वाचनलाई खडा हुन्, उतिवटा बाकस हुँनुपर्दछ। यी बाकसहरू बेग्लाबेग्लै रंगको गर्नु। सो एकएक बाकसमा एक-एक जना उम्मेदवार सदस्यको नाम लेख्नु।

२९. कुनै उम्मेदवार सदस्यको बाकस कुन रंगको छ, सो निजले बुझ्न आएमा एक हप्ताअगाडि नै निजलाई थाहा दिनू।

३०. मत खसाल्ने बाकसहरू एक छुट्टै एकान्त ठाउँमा राख्नू। मताधिकारीलाई मत दिन पठाउँदा पनि एक-एक गरी पठाउनू, अरू कसैलाई जान नदिनु।

३१. निर्वाचनको टिकट लिने ठाउँमा त्यस वडाको उम्मेदवार सदस्यहरू वा निजका वारीसहरूलाई आउन दिन हुन्छ।

३२. निरीक्षकले चुनाव हुने समयभन्दा केही अगाडि दफा (३१) बमोजिम आउन दिन हुने मानिसहरूलाई मत खसाल्ने बाकस जँचाई त्यसमा लाहा छाप लगाई ताल्चा मारी दिनु।

३३. निर्वाचनलाई तोकिएको दिन र समयभित्र त्यस वडाको मताधिकारीहरूको फिरिस्तमा नाम चढेका जुनसुकैलाई पनि सो वडामा मत दिन दिनु।

३४. मत दिन जानेहरूको नाम, वडा, घर, नं. फिरिस्तमा छ छैन? सोबमोजिम मिल्छ मिल्दैन, जाँची हेरी उम्मेदवार सदस्यमा निजको वारीसले कुनै विरोध नगरे मताधिकारीहरूको नामावलीको सूचिमा रेजा लगाई मत दिने टिकट दिनु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. कुनै मताधिकारीले नबुझेमा यो रङ्गको बाकस यस यसको हो भनी बुझाई दिनु र जसलाई आफ्नु मत दिनू भन्छ, उसैको बाकसमा यो टिकट हाल्नु भनी सम्झाई निजलाई मात्र यी बाकसहरु राखिएको ठाउँमा पठाउनु ।

१६. मत दिने टिकटमा नगरपालिकाको निस्सा, त्यस वडाको नम्वर र निरीक्षकको सहिछापबाहेक अरु केही लेख्न वा लेखिएको हुन हुँदैन । केही लेखिएको रहेछ भने तुरुन्त निरीक्षककहाँ फिर्ता गरी अर्को टिकट लिनु, नत्र टिकट रद्दी हुन्छ भनी सम्झाई दिनु ।

१७. मत दिने टिकट निर्वाचनलाई तोकिएको समयभर मात्र दिनू । त्यसपछि मताधिकारीहरु आए पनि टिकट बाँड्न हुँदैन ।

१८. निर्वाचनलाई तोकिएको समय सकिएपछि निरीक्षकले निर्वाचन गरेको ठाउँको ठाउँमै उम्मेदवार सदस्यहरु वा उनका वारीसहरु र अरु निर्वाचनको निमित्त खटिएका कर्मचारीहरुको सामुन्ने मत दिन टिकट खसालेको बाकसहरु बिग्रेको टिकटहरु र मताधिकारीहरुको दुवै फिरिस्त बेग्लाबेग्लै बन्द गरी छाप लगाई त्यहाँ भएका सबैको सहिछाप गराई निर्वाचन अफिसरकहाँ बुझाउनु ।

१९. निर्वाचन अफिसरले निर्वाचन सकेपछि सकभर चाँडै परेको मत गन्ने मिति समय तोकी त्यसको सूचना उम्मेदवार सदस्यहरु वा निजको वारीसलाई दिनु ।

२०. परेको मत गन्दा निर्वाचन अफिसर र निर्वाचलाई खटिएका निरीक्षक र कर्मचारीहरु उम्मेदवार सदस्यहरु वा उनका वारीसहरु मात्र बस्नु तर मत गन्ने काममा भने उम्मेदवार सदस्य वा उनीहरुको वारीसहरु लगाउन हुँदैन ।

२१ दफा १९ मुताबिक तोकिएको मिति र समयमा निर्वाचन अफिसरले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एक वडाको बाकसहरू र अरू त्यससम्बन्धी पुलिन्डाहरू एक पटकमा खोल्नु कसकसले कति कति पाए, गिन्ती गरी निर्णय गर्नु।

४२. एक वडाको टिकट अर्को वडामा परेको भए त्यस टिकटलाई गन्नुपर्दैन, रद्दी गरी फालिदिनु र कैफियतमा जनाउनु।

४३. नगरपालिकाको निस्सा, वडाको नम्बर र निरीक्षकको सहिछाप नपरेको वा तिनैथोक नभएको वा अरू कुनै केही लेखिएको वा निस्सा लागेका टिकट रद्दी गर्नु। यस्ता टिकटहरू गन्नुपर्दैन।

४४. दफा ४२ र ४३ मुताबिक निर्वाचन अफिसरले गरेको फैसला अन्तिम ठहरिनेछ। त्यसमा उजुर लाग्दैन।

४५. मत गन्ने काम सकेसम्म एकै दिनमा खतम गर्नु। केही गरी सो दिन खतम हुँन नसकेमा अर्को दिनको लागी मूलतबी गरे हुन्छ। त्यसो गर्दा गन्न बाँकी सबै कागजहरू निर्वाचन अफिसरले लाहाछाप मारी त्यहाँ उपस्थित सबै जनाको पनि सहिछाप लगाइराख्नु। केहीगरी तोकिएको अर्को दिन पनि सो गन्ने काम खतम नभएमा माथि लेखिएको नियम पुर्‍याई नसकेसम्म मूलतबी गरे हुन्छ।

४६. निर्वाचनमा अरु केही बेहिसाब भयो भने सदर तालुकअड्डामा उजुर गर्नु।

४७. निर्वाचन अफिसरले निरीक्षकले दिएको मतको कागजको फाँट र आफूले पाएको मतको कागज ठीक छ छैन जाँच्नु।

४८. निर्वाचन अफिसरले देहायका कुराहरू पारी निर्वाचनको नतिजा सूचना र अखबार पत्र–पत्रिका द्वारा प्रकाश गर्नु। नगरपालिकामा र वडा-वडामा यो सूचना टाँसि दिनु र प्रकाश गर्नुभन्दा ३ दिनअगावै यसको नक्कल तालुकअड्डामा पठाउँनु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) त्यस निर्वाचनमा चुनिएका व्यक्तिहरूको नाम ।

(ख) मत पाएका उम्मेदवार सदस्यहरूको नाम ।

(ग) हरएक उम्मेदवार सदस्यले पाएका मतको संख्या ।

(घ) हरएक उम्मेदवार सदस्यको रद्द गरिएको मतको संख्या ।

४९. निर्वाचनको नतिजाको नक्कल कुनै उम्मेदवार सदस्य वा उसको वारीसले माग्न आएमा दिन हुन्छ ।

५०. मत गनि सकेपछि निर्वाचन अफिसरले दस्तुरमाफिक परेको टिकट रद्दी भएको टिकट छुट्टाछुट्टै बन्द गरी लाहाछाप लगाई निर्वाचनको मिति लेखी नगरपालिकामा राख्नु ।

५१. कुनै वडामा कुनै एक उमेदवार सदस्यले बहुमत नपाई २ वा २ भन्दा बढ्ता उमेदवार सदस्यहरूले बराबर मत पाएमा सो बराबर मत पाउनेहरूलाई राखी नगरपालिकाको सभामा गोला हाली सदस्य ठेगाना गर्नु ।

५२. कुनै नगरपालिकाको सदस्यको स्थान खाली भएमा यो नियमको दफा--दफाको रीत पुर्‍याई सो स्थानको लागी विशेष निर्वाचन गर्नु । तर साधारण निर्वाचन एक महिनाभित्रमा नै हुने बेला भएको भए यस्तो निर्वाचन गरी रहन नपर्ने ।

५३ निर्वाचनसम्बन्धी कामसा कसैले कुनै किसिमको बाधा अड्काउ रोक गर्न हुँदैन ।

५४ निर्वाचनको नतिजा प्रकाश नभएसम्म कसैले कति मत पायो भनी कसैलाई थाहा दिन हुँदैन ।

५५ नगरपालिकाको कुनै कर्मचारीले कुनै उमेदवार सदस्यको पक्ष ली निर्वाचनमा केही कारबाई गर्न हुँदैन । गरेमा ऐन सवालबमोजिम सजाय हुनेछ । मत दिने अधिकार भएको भए मात्र आफ्नु मत खसम दिन हुन्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५६ सदर तालुक अड्डाले बढ्ता समयसम्म राख्नु भनेमा बाहेक दफा १४ मा लेखिएको उमेदवार सदस्यको दरखास्तहरू र दफा १ मा लेखिएको दरखास्त परेको भए सो र दफा ५० को पुलिन्दाहरू पनि ३ वर्षसम्म राख्नु। यस्मा कागजहरू ३ वर्ष भित्रमा सदर तालुक अड्डाको आडरविना कसैलाई हेर्न वा नकल लिन हुँदैन।

५७ कुनै मानिसले देहायमा लेखिएको काम गरेको ठहरिएमा रु. १०० एकसय जरिवाना गर्नु।

(क) यस नियमविरुद्ध कुनै मताधिकारीका नामको फिरिस्तमा वा अरू कुनै कागजमा अदल बदल गरेमा।

(ख) निर्वाचन अफिसर वा निरीक्षकको काममा बाधा रोकावट गरेमा।

(ग) निर्वाचनको काममा खटिएको कसैले विनाइजाजत कसले कसैलाई मत दियो वा कसैले कति मत पायो इत्यादि कुरा अरूलाई थाहा दिएमा।

(घ) यस नियममुताबिक गरेको सूचना इस्तिहार इत्यादि कसैले च्यातेमा विगारेमा वा हटाएमा।

(ङ) खटिएका कर्मचारीले यस नियमको कुनै दफामुताबिक गर्न नहुने कामगरेमा।

(च) नगरपालिकाको कर्मचारीले यस नियमको कुनै दफामुताबिक गर्न नहुने काम गरेमा।

(छ) झुट्टा नामले मत दिन आएमा वा दिई गएमा।

५८. निर्वाचनमा कसैले प्रष्ट या अपष्ट आफू वा अरू कोही मानिस लगाई कर बलले वा हानि नोक्सानी गर्ने धम्की दी वा घूस दी वा कुनै नोकरी दिने आश्वासन देखाई वा अरू किसिमसँग [illegible] [illegible] [illegible] आउन [illegible] [illegible]

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मताधिकारीलाई कुनै उमेदवार सदस्यको पक्षमा मत दिन लगाउन वा निज मताधिकारीले रोजेको उमेदवार सदस्यकोपक्षमा मत दिन रोक्न हुँदैन। गरेको ठहर्न आएमा सदर तालुकअड्डाको तजबीजले रु. १००। शयसम्म जरिवाना हुनेछ।

५९. कसैले अर्काको नाम चोरी मत दिन हुँदैन। दिए दफा ५७ (ज) मुताबिक सजाय हुनेछ।

६०. दफा ५८-५९ मुताबिक मनाई भएको उपायले कोही सदस्य छानिएको रहेछ भने निज छानिएको ठहर्नेछैन।

६१. दफा ५८ ५९ मा मनाइ गरिएको उपायले कुनै सदस्य छानिएको हो भन्ने बेहोराको उजुर रु. ५०। धरौटसाथ निर्वाचन भएको १५ दिनभित्रमा कुनै प्रतिद्वन्दी उम्मेदवार सदस्य वा सोही वडाको १० जना मताधिकारीहरूले सदर तालुकअड्डामा गर्न हुन्छ।

६२. (क) सदर तालुकअड्डाले सबूद प्रमाण बुझ्ने दफा (५८ ५९) बमोजिम गरेको ठहराएमा त्यस वडाको निर्वाचन रद्दी गरी अर्को निर्वाचन गर्ने वा निजको भन्दा कम मत पाउने अर्कोलाई मुकरर गर्ने वा जो गर्न उचित ठहराउँछ, सो कारवाई गर्ने नगरपालिकामा आडर पठाउनेछ।

(ख) वादीले राखेको धरौट पनि फिर्ता गर्ने आडर गर्नेछ।

(६३) दफा ६१ मुताबिक उजुर परेको सदर तालुकअड्डाले सदर नगरे मा वादीले राखेको धरौट रु. ५०। जफत गर्नेछ र प्रतिवादीलाई यस मुद्दा बढ्न लागेको हर्जाना भनी रु. ५०। सम्म भराई दिनेछ।

(६४) यस नियमको दफामा दिन भनेको म्याद जरूरत परेमा सरकारबाट घट बढ हुन सक्नेछ।

आज्ञाले,

टंकप्रसाद, सेक्रेटरी—स्थानीय स्वायत्त शासनविभाग.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।